**प्रेस बिज्ञप्ति**

**संघको केन्द्रीय कार्यालय भवन निर्माण तिब्र, अझै १० करोड रकम अपुग**

**प्रतिबद्धता जनाएका दातालाई तत्काल रकम जम्मा गर्न आग्रह**

काठमाण्डौ । गैरआवासीय नेपाली संघको काठमाण्डौ बालुवाटारमा केन्द्रीय कार्यालय भवन निर्माण तिब्र गतिमा अगाडी बढिरहेको छ ।

आगामी सात महिनाभित्र निर्माण सम्पन्न गर्ने लक्ष्यसहित यतिबेला दैनिक ५० जनाभन्दा धैरै मजदुर निर्माण कार्यमा संलग्न भइरहेका छन् । केही दिनमा पहिलो तलाको ढलान सम्पन्न हुने छ ।

बालुवाटारस्थित सभामुख निवासको सम्मुखमा तीन रोपनी क्षेत्रफलमा निर्माण भइरहेको संघको केन्द्रीय कार्यालय भवनको लागत करिव २५ करोड रुपैयाँ हुने छ ।

'झण्डै २५ करोडको लागत मध्ये अझै करिव १० करोड रुपैयाँ भवन निर्माणका लागि अपुग हुने देखिएको छ' संघका अध्यक्ष शेष घलेले भन्नु भयो–'सहयोगको प्रतिबद्धता जनाएका दाताहरुले तत्कालै रकम भुक्तानी गरिदिए मात्र तोकिएको समयमा भवन निर्माण पुरा हुने छ ।'



अध्यक्ष शेष घलेले रकम संकलन अभियानका क्रममा प्रतिबद्धता जनाएका सवै गैरआवासीय नेपालीहरुलाई प्रतिबद्धता जनाएको रकम तत्कालै गैरआवासीय नेपाली संघको खातामा जम्मा गरी भवन निर्माण कार्यमा सहयोग गर्न आह्वान गर्नुभएको छ ।

पहिलो कार्यकालमा भवन निर्माणलाई अभियानका रुपमा सञ्चालन गर्न करिव ४७ वटा मुलुकमा पुगेको स्मरण गर्दै अध्यक्ष घलेले प्रतिबद्धता जनाएका सवैले आफ्नो बचन पुरा गर्न आह्वान गर्नुभयो ।

'बिश्वभर रहेका गैरआवासीय नेपालीहरुको एकता र भावनाको प्रतिकका रुपमा हाम्रो मुख्यालय रहने छ' अध्यक्ष घलेले भन्नुभयो– हाम्रो सपना साकार हुन अब केही महिनामात्र बाँकी छ, अब गैरआवासीय नेपालीहरुको निर्णायक सहयोग जरुरी छ ।'



रकम संकलनका बेलाजस्तै सवै राष्ट्रिय समन्वय परिषद्  र क्षेत्रीय संयोजक एवं सहसंयोजकलाई प्रतिबद्धता जनाइएको रकम जम्मा गर्ने कार्यमा खटिन उहाँले आग्रह गर्नुभयो ।



यो भवन केन्द्रीय कार्यालय मात्र नभएर संसारभरी छरिएर रहेका गैरआवासीय नेपालीहरुको एकता र सम्बृद्धिको प्रतिकको रुपमा रहने अध्यक्ष घलेले बताउनुभयो । अध्यक्ष घले बिगत डेढ महिनादेखि नेपालमा बसेर संघको केन्द्रीय कार्यालय भवन, लाप्राक नमुना वस्ती निर्माण परियोजना र संखमुल पार्क निर्माणका काममा प्रत्यक्ष सहभागी भइ रहनु भएको छ ।

प्रतिबद्धता जनाइएको रकम संघको केन्द्रीय कार्यालयमा पठाउन तत्परता देखाउने बिभिन्न राष्ट्रिय समन्वय परिषद् तथा क्षेत्रीय सम्मेलन आयोजकहरु प्रति आभार प्रकट गर्दै अध्यक्ष घलेले उठ्न बाँकी रकमका लागि सक्रियता बढाउन आह्वान गर्नुभयो ।



गैरआवासीय नेपाली संघ, सचिवालय,
काठमाण्डौं ।
मिति: २० माघ, २०७३ ।